# बारपाक सुलिकोट गाउँपालिका

स्थानीय राजपत्र

खण्डः ६  संख्याः ३  मिति २०८१/०१/२५

भाग-२

# बारपाक सुलिकोट गाउँपालिका

## गोरखा

## पर्यटकिय स्थल, पार्क तथा सार्वजनिक शौचालय व्यवस्थापन कार्यविधि, २०८१

बारपाक सुलिकोट गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

पर्यटकिय स्थल, पार्क तथा सार्वजनिक शौचालय व्यवस्थापन कार्यविधि, २०८१

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः- २०८१/०१/२५

प्रस्तावनाः

बारपाक सुलिकोट  गाउँपालिका भित्र अवस्थित विभिन्न पर्यटकीय स्थल, पार्क तथा सार्वजनिक शौचालयको उचित र प्रभावकारी व्यवस्थापन गरी दिगो रुपमा स्वच्छ, स्वस्थ्य र आकर्षक वातावरण कायम गर्न आवश्यक भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) वमोजिम बारपाक सुलिकोट गाउँकार्यपालिकाले पारित गरी यो कार्यविधि बनाई लागू गरिएको छ ।

## परिच्छेद- १

प्रारम्भिकः

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम "पर्यटकीय स्थल, पार्क तथा सार्वजनिक शौचालय व्यवस्थापन कार्यविधि २०७९ रहेको छ ।

ख) यो कार्यविधि बारपाक सुलिकोट गाउँकार्यपालिकावाट स्वीकृत भएको मितिदेखि बारपाक सुलिकोट गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

क) "गाउँपालिका" भन्नाले बारपाक सुलिकोट गाउँपालिका सम्झनु पर्छ ।

ख) "कार्यपालिका" भन्नाले बारपाक सुलिकोट गाउँपालिकाको गाउँ कार्यपालिकाले सम्झनु पर्छ ।

ग) "अध्यक्ष" भन्नाले बारपाक सुलिकोट गाउँपालिका अध्यक्ष सम्झनु पर्छ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बारपाक सुलिकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको काम गर्न तोकिएको अधिकारीलाई सम्झनु पर्छ ।

ङ) “समिति” भन्नाले कार्यविधिको दफा ३.१ (ग) र ३.१ (घ) बमोजिम गठित पर्यटकीय स्थल, पार्क तथा सार्वजनिक शौचालय संरक्षणतथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

च) "सामुदयिक संस्था" भन्नाले मुनाफा रहित उद्देश्यले समुदायको हितको लागि प्रचलित कानुन बमोजिम स्थापित र सहभागितामूलक टोलविका संस्था, उपभोक्ता समूह, आमा समूह, महिला समूह, क्लवहरु, सहकारी संस्था, गैरसरकारी संस्था आदिलाई सम्झनु पर्छ।

## परिच्छेद २

**३. पर्यटकीय स्थल, पार्क तथा सार्वजनिकशौचालय सम्वन्धी व्यवस्थापन**

३.१ निर्माण तथा व्यवस्थापनमा गाउँपालिकाको मुख्य जिम्मेवारी रहनेः

क) पर्यटकिय स्थल, पार्क तथा सार्वजनिक शौचालयको व्यवस्थापनका लागि आवश्यक पर्ने स्थल, पूर्वाधार, संरचना निर्माण तथा संचालन गर्ने मुख्य जिम्वारी गाउँपालिकाको हुनेछ ।

ख) पर्यटकिय स्थल, पार्क तथा सार्वजनिक शौचालयको संरक्षण, प्रवर्द्धन, र दिगो ब्यवस्थापनका लागि गाउँपालिकाले सम्वन्धित वडालाई जिम्मेवारी दिन सक्ने छ ।

ग) पर्यटकीय स्थल, पार्क तथा सार्वजनिक शौचालयको संरक्षण, संवर्द्धन तथा व्यवस्थापनका लागि नगरस्तरमा गाउँपालिका अध्यक्ष संयोजकत्वमा तपसिल वमोजिमको समिति रहने छ ।

- अध्यक्ष - संयोजक
- प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- कार्यपालिका सदस्यहरु मध्येवाट कार्यपालिकाले तोकेको १ महिलासहित २ जना - सदस्य
- पर्यटन व्यावसायी, पार्क संरक्षण समिति तथा शौचालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरु मध्येवाट गाउँ कार्यपालिकाले मनोनित गरेको एक महिला सहित २ जना - सदस्य
- सरसफाई तथा वातावरण शाखा प्रमुख -सदस्य सचिव

घ) पर्यटकीय स्थल, पार्क तथा सार्वजनिक शौचालयको संरक्षण, संवर्द्धन तथा व्यवस्थापनका लागि वडा स्तरमा वडाध्यक्षको संयोजकत्वमा तपशिल मोजिमको समिति रहने छ ।

- सम्वन्धित वडाको वडाध्यक्ष -- संयोजक
- वडाभित्रसंचालित सामुदायिक विद्यालयका प्रधानाध्यापकरु मध्येबाटवडा समितिले मनोनित गरेको उच्चतम तहको प्र अ १ जना — सदस्य
- वडामा रहेका सामुदायिक संस्थाहरुको प्रतिनिधित्व हुने सामुदायिक संस्थाहरुको अध्यक्षहरु मध्येबाट वडा समितिबाट मनोनित १ महिला सहित २ जना - सदस्य
- वडाध्यक्षले तोकेको वडा समितिको सदस्य १ जना –सदस्य सचिव

ङ) गाउँपालिकास्तरीय समितिको काम कर्तव्य र अधिकार

- गाउँपालिकाभित्रका पर्यटकीय स्थलको पहिचान गरी आर्थिक तथा प्राकृतिक स्रोतको उच्चतम प्रयोगको लागि कार्ययोजना वनाउने ।
- गाउँपालिकाभित्र पार्कहरु निर्माण गर्ने ठाउँको पहिचान गर्ने ।
- सार्वजनिक शौचालय आवश्यक पर्ने ठाउँको पहिचान गर्ने ।
- पहिचान भएका स्थलहरुमा निर्माण कार्य प्रारम्भका लागि कार्ययोजना सहित गाउँकार्यपालिकामा पेश गर्ने ।
- गाउँपालिका क्षेत्र भित्र निर्माण तथा संचालन भएका पर्यटकिय स्थल, पार्क तथा सार्वजनिक शौचालयहरुको व्यवस्थापन सम्वन्धमा वडा स्तरीय समिति लाई आवश्यक निर्देशन दिने ।
- पर्यटकीय स्थल, पार्क तथा शौचालयको रेखदेख, सरसफाइ तथा व्यवस्थानको लागि आवश्यक अनुदानको ब्यबस्था गर्न कार्यपालिकामा सिफारिस गर्ने ।
- वडा स्तरीय समितिहरु संग समन्वय गर्ने ।
- वडा स्तरीय समितिलाई सकृय गराइ संरक्षण, संवर्द्धन तथा व्यवस्थापनका पूर्ण जिम्मेवारी दिने ।
- आफ्नो विषयसँग सम्बन्धित समसामयिक कार्य गर्ने ।

च) वडास्तरीय समितिको काम कर्तव्य र अधिकार

- वडा भित्र निर्माण भई संचालित पर्यटकीय स्थल, पार्क तथा सार्वजनिक शौचालयहरुको संरक्षण, संबर्दन तथा व्यवस्थापनको पूर्ण जिम्मेवारी लिने ।
- वडा भित्र संचालित पर्यटकीय स्थल, पार्क तथा सार्वजनिक शौचालयहरुलाई सफा हराभरा तथा ब्यबस्थित बनाउने । यस कार्यका लागि समितिले आवश्यकता र औचित्यका आधारमा स्थानीय स्तरमा सामुदायिक संस्थाहरूलाई आह्वान गरी सञ्चालनको प्रबन्ध मिलाउन सक्ने छ ।
- सामुदायिक संस्थालाई आव्हान गर्दा प्रबेश शुल्क तथा सेवा शुल्कको बिवरण सहित प्रस्ताब मागने ।
- सेवा शुल्क वा प्रबेश शुल्क उपयुक्त पेश गरेको समुदायिक संस्थालाई छनौट गरी संरक्षण, सम्बर्दन तथा ब्यबस्थापनको कम्तिमा पनि २ बर्षको लिखित जिम्मेवारी दिन सकिनेछ ।
- सेवा शुल्क तथा प्रबेश शुल्कको कम्तिमा पनि २५ प्रतिशत गाउँपालिकाको रजश्व खातामा जम्मा गर्न लगाउने ।
- नगदी रसिदको स्वीकृती वडा समितिबाट गराउनु पर्ने र वडा समितिले नगदी रसिद यकिन गरी गाउँपालिकामा बुझाउनु पर्ने रकम यकिन गरिदिने ।

छ) समितिको बैठक सम्बन्धि ब्यबस्था

- गाउँपालिका समितिको बैठक कम्तीमा ३ महिनाको १ पटक र वडा समितिको बैठक कम्तीमा महिनाको १ पटक गाउँपालिका अध्यक्षले तोकेको समय मिति र स्थानमा बस्नेछ ।
- बैठकको गणपुरक संख्या ५० प्रतिशत हुनेछ ।
- बैठकको निर्णयको जानकारी गाउँपालिका समितिले गाउँपालिका अध्यक्ष समक्ष र वडा समितिले नगर उप प्रमुख समक्ष पेश गर्नेछ।

- वैठकको निर्णय सामान्यतया सहमतिमा हुनेछ। सहमति नभएमा बहुमतको आधारमा निर्णय हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।
- समितिले आवश्यकता परेमा पर्यटनविद, वातावरणविदलाई आमन्त्रण गर्न सक्नेछ।
- वैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्ने छ ।
- वैठक सम्वन्धि अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे वमोजिम हुनेछ।
- समितिका पदेन बाहेक अन्य सदस्यको पदावधि २ बर्षको हुनेछ ।

## परिच्छेद ३

४. स्थल तोक्न सक्ने

क) गाउँपालिकास्तरीय समितिको निर्णय/ प्रतिवेदनको आधारमा गाउँकार्यपालिकाले पर्यटकीय स्थल, पार्क तथा सार्वजनिक शौचालयको निर्माण स्थल तोक्न सक्ने छ ।

ख) नेपाल सरकार बागमती प्रदेश सरकार र अन्य निकायका तर्फबाट सहयोग स्वरुप निःशुल्क रुपमा पर्यटकीय स्थल , पार्क तथा सार्वजनिक शौचालय निर्माण गर्न चाहेमा गाउँपालिका सँगको समन्वयका आधारमा कार्य अगाडि बढाइने छ ।

ग) निर्माण स्थल तोक्दा उपयुक्त पायक पर्ने तथा औचित्यपूर्ण हुनु पर्ने छ।

घ) गाउँपालिका स्वंयले निर्माण गर्ने भएमा गाउँ सभाबाट वजेट विनियोजन गर्नु पर्नेछ।

ङ) संघीय सरकार / प्रदेश सरकार/ गाउँपालिकाले निर्माण सम्पन्न गरी वडालाई हस्तान्तरण पश्चात वडा स्तरीय समिति बनाइ संरक्षण, संवर्द्धन तथा व्यवस्थापनको जिम्मेवारी लिनुपर्ने छ।

च) कुनै संघ संस्था तथा नियोगबाट निर्माणका लागि सहयोग गर्न, चन्दा दिन वा जग्गा उपलब्ध गराउन चाहेमा कार्यपालिको स्वीकृत लिनुपर्ने छ ।

छ) सार्वजनिक स्थल पर्याप्त नभएमा वा निजि जमिनलाई उपयुक्त ठानेमा गाउँपालिकाले जग्गा व्यवस्थापनका लागि आवश्यक पहल गर्न सक्ने छ ।

ज) स्थल वरिपरी अनावश्यक भीडभाड नगर्ने तथा रक्सी, मदिरा लगायत प्रचलित कानूनले निषेध गरेका सामग्रीहरु उपभोग र बेचबिखन गर्न पाइने छैन ।

## परिच्छेद ४

५. अनुमति सम्वन्धमाः

क) पर्यटकिय स्थल, पार्क तथा सार्वजनिक शौचालयको संरक्षण, संवर्द्धन तथा व्यवस्थापनका लागि जिम्मा लिएको निकाय, सार्वजनिक संस्थाको अनुमति वा रेखदेखका लागि खटिएको ब्यक्तिको अनुमति विना बाह्य ब्यक्ति उक्त क्षेत्रमा प्रवेश गर्न पाइने छैन ।

ख) वडा समितिले निर्धारण गरे बमोजिम बाहेक अन्य थप कुनै प्रवेश एवम् सेवा शुल्क लिन पाइने छैन ।

ग) पर्यटक स्थल भित्र अनावश्यक होहल्ला गर्ने, कानुन विपरित कार्य गर्ने तथा स्थल भित्रको सजिसजावटका सामग्रीहरु तोडफोड गर्न पाइने छैन । कसैले त्यस्तो व्यवहार गरेमा प्रचलित कानुन बमोजिम कारबाहीका लागि वडा समितिलाई जानकारी गराउने दायित्व सार्वजनिक संस्था वा व्यक्तिको हुनेछ।

घ) स्थल प्रबेश द्वारमा नै ब्यक्ति प्रबेश हुनु अघि जानकारीका लागि सूचना पाटीमा सर्वसुलभ रुपमा स्थलको परिचय सहित ऐतिहाँसिक पृष्ठभूमि तथा नियम कानुन प्रष्ट रुपमा लेखि टाँस्नु पर्नेछ ।

ङ) जग्गादाता चन्दादाता वा संघ संस्थाले निर्माण गरिदिएको खण्डमा दाताको लागतसहितको परिचय खुल्ने अभिलेख स्पष्ट हुने गरी लेखिनेछ ।

# परिच्छेद ५

६. स्थानिय व्यक्तिलाई संरक्षण, संर्वद्धन तथा ब्यबस्थापनको जिम्मा दिन सकिने

क) गाउँपालिका बाट निर्मित पर्यटकिय स्थल, पार्क तथा सार्वजनिक शौचालयहरुमा प्रतिस्पर्धा गराई संरक्षण, संबर्द्धन तथा ब्यबस्थापनको जिम्मा दिन सकिने छ ।

ख) उपदफा (क) बमोजिमको प्रतिस्पर्धामा कुनै सार्वजनिक संस्था नआएमा वा उनिहरुबाटप्राप्त प्रस्ताब स्विकृत नभएमा वडा समितिले निश्चित समयका लागि कुनै स्थानिय ब्यक्तिलाई संरक्षण, संबर्द्धन तथा ब्यबस्थपनको जिम्मा दिन सक्नेछ ।

ग) उपदफा (ख) बमोजिम जिम्मेवारी दिदा प्रबेश शुल्क वा सेवा शुल्कका लागि नगदी रसिद वडा समितिले तयार पारी दिनु पर्ने छ। व्यक्तिको पारिश्रमिक नगदी रसिदबाट प्राप्त रकमको ७५ प्रतिशत रकम मध्ये बाट खर्च गर्न सकिने छ । २५ प्रतिशत नगद रकम वडा समितिले गाउँपालिकको राजश्व खातामा जम्मा गर्नु पर्ने छ।

घ) वडा समितिले उपदफा (ग) बमोजिम प्राप्त रकमबाट खर्च गर्ने गरी रेखदेख र संरक्षणका लागि हेरालु(माली) तोकी काममा लगाउन सक्नेछ ।

# परिच्छेद ६

७. विविध

क) निर्देशन दिन सक्ने - यस कार्य विधिको प्रयोगमा बाधा अड्चन परेमा वा कार्यबिधिले समेटन नसकेका बिषयबस्तुमा निर्णय गर्नु परेमा गाउँपालिकास्तरीय समितिको सिफारिस बमोजिम कार्यपालिकाले आवश्यक निर्देशन दिन सक्ने छ।

ख) सम्झौता रद्द हुने - पर्यटकिय स्थल, पार्क तथा सार्वजनिक शौचालयको संरक्षण, संवर्द्धन तथा व्यवस्थापनका लागि जिम्मा लिएको सार्वजनिक संस्था वा ब्यक्तिको काम कारवाहीमा चित्त नबुझेमा वडा समितिले गाउँपालिकास्तरीय समितिलाई अनुगमनका लागि अनुरोध गर्ने सक्ने छ। गाउँपालिकास्तरीय अनुगमन समितिको प्रतिबेदनका आधारमा कार्यपालिकाले वडा स्तरीय समितिले गरेको सम्झौता रद्द गरी अर्को ब्यबस्था गर्नका लागि निर्देशन दिन सक्ने छ। तर सम्झौता रद्द गर्नु अघि गाउँपालिकास्तरीय समितिले मनासिब सफाईको मौका दिनु पर्ने छ ।

ग) यस कार्यविधि जारी हुँदाका वखत बारपाक सुलिकोट गाउँपालिका भित्र निर्माण भई संचालनमा रहेको पर्यटकीय स्थल, पार्क र सार्वजनिक शौचालयहरुलाई पनि यसै कार्यविधि अनुरुप संरक्षण, संवर्द्धन र व्यवस्थापन गरिने छ।

घ) सेवा शुल्क तथा प्रबेश शुल्कको सम्बन्धमा कार्यविधिमा जे सुकै लेखिए पनि पर्यटकिय स्थल, पार्क तथा सार्वजनिक शौचालयमा प्राप्त रकम सबै खर्च गर्नु पर्ने भनि वडा समितिको निर्णय सहित गाउँपालिका समितिले सिफारिस गरेमा कार्यपलिकाले निर्णय गरी बढिमा २५ प्रतिशत रकम छुट दिन सक्ने छ ।